श्री

# पाँचथर जिल्ला अदालत

## फिदिम, पाँचथर

पत्र संख्या : ०७९/०८०
चलानी नं. :

सम्पर्क नं.:-०२४५२२१९५
इमेल:-info.dcpanchthar@supremecourt.gov.np
मितिः २०७९।०५।१७

सूचना। सूचना। सूचना।

विषयः- मेलमिलापकर्ताहरुको सूचीकृत तथा अध्यावधिक गर्ने सम्बन्धमा ।

जिल्ला अदालत नियमावली, २०७५ को नियम ४९(१) र नियम ५० तथा मेलमिलाप सम्बन्धी नियमावली २०७० को नियम ९ बमोजिम यस अदालतमा प्रत्येक वर्ष मेलमिलापकर्ताको सूची अद्यावधिक गर्नु पर्ने भएकोले यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचीकृत रहनु भएका व्यक्तिहरुले सूची अद्यावधिक गर्न र मेलमिलापकर्ताको रुपमा यस अदालतमा सूचीकृत हुन इच्छुक देहायका योग्यता पुगेका महानुभावहरुले मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ४ बमोजिम ऐ. नियमावलीको अनुसूची २ को ढाँचामा निवेदन दिनु हुन देहायमा लेखिएअनुसारका कागजपत्र राखी यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र यस अदालतको मेलमिलाप केन्द्रमा निवेदन दिनुहुन मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ३ र ऐ. नियम ९ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

देहाय

| मेलमिलाप सम्बन्धी ऐन, २०६८ बमोजिम मेलमिलापकर्तामा सूचीकृत हुन आवश्यक कागजातहरु | | | |
|---|---|---|---|
| १. | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | ६. | होस ठेगानमा रहेको । |
| २. | पच्चीस वर्ष उमेर पुरा भएको | ७. | नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको। |
| ३. | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक गरेको प्रमाणपत्रको प्रतिलिपि | ८. | साहुको दामासाहीमा नपरेको । |
| ४. | मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि ।(तोकिएको अवधिको तालिम लिएको) | ९ | मेलमिलाप सम्बन्धी ऐन, २०६८ विपरीत कुनै काम गरेको कारण मेलमिलापकर्ताको सूचीबाट नाम नहटाइएको । |
| ५. | मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा मेलमिलाप परिषदबाट मेलमिलाप संवन्धी कार्य गर्न दिइएको स्वीकृतिको प्रतिलिपि, संस्था दर्ता तथा नवीकरणको प्रतिलिपि । | | |

बोधार्थः
१. जिल्ला बार एकाई, पाँचथर

विश्व जंग सिजापती
श्रेस्तेदार